बैठक न. ५९

आज मिति २०७७/०२/२२ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको १:३० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

**उपस्थिति**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | चक्रपाणी शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

30 चिनबहादुर गुरुङ, का.वा. वडा अध्यक्ष —

प्रस्ताव नं.५९.१

सातौ नगरसभाको मिति तोक्ने सम्बन्धमा ।

निर्णय नं.५९.१

आगामी आ.व. ०७७/०७८ को बार्षिक बजेट नीति तथा कार्यक्रम पारित गर्ने प्रयोजनका लागि बुटवल उपमहानगरको सातौ नगरसभाको वैठक मिति २०७७ साल आषाढ ०८ गते सोमवार दिनको १:०० बजे उपमहानगरपालिका कार्यालय परिसरमा बस्ने गरी आव्हान गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५९.२

अनुमोदन सम्बन्धमा ।

निर्णय नं.५९.२

फोहरमैला व्यवस्थापन स्थल वडा नं.११ स्थित पवित्रनगर टोल विकास संस्थासँग सहभागिता नरहने गरी भौतिक पूर्वाधार निर्माणको कार्य गर्ने गरी मिति २०७७/०२/०८ मा प्रमुखवाट भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५९.३

बन्दाबन्दी (लकडाउन) को अवधिमा संचालित योजना तथा कार्यक्रमको म्याद थप सम्बन्धमा ।

निर्णय नं. ५९.३

यस उपमहानगरपालिकाबाट ठेक्का, उपभोक्ता समिति र सेवा परामर्श मार्फत संचालन एवं कार्यान्वयनमा रहेका विभिन्न आयोजनाहरुको कार्य सम्पन्न गर्ने म्याद रहदा रहदै मिति २०७६/१२/११ गते देखि कोरोना भाइरसका (Covid -19) कारण देश लकडाउनमा रहेको छ। कतिपयले लकडाउनको समयमा म्याद थपको लागि निवेदन दिन समेत सम्भव नभएको अवस्था छ । उल्लेखित अवस्थामा सार्वजनिक खरिद अनुगमन कार्यालय ताहाचल काठमाडौंको च.नं. १२१८ मिति २०७६/१२/२७ को एक महिना सम्म म्याद थप गर्ने भनि प्राप्त हुन आएको पत्र र सर्वोच्च अदालतको लकडाउनको समय अवधिलाई सुन्य समय मान्ने भनि फैसला भएको विषय समेतलाई मध्यनजर राखि लकडाउनको अवधिमा म्याद सकिएका र हालको लकडाउन अवधिभर सम्मका लागि उल्लेखित प्रकृतिका आयोजनाहरुको मिति २०७७/०३/२५ गते सम्मका लागि म्याद थप गरी कार्यान्वयन प्रकिया अगाडि बढाउने र सो लकडाउनको अवधि र काम गर्न सक्ने वातावरण समेत विचार गरी थप म्याद आवश्यक पर्ने भएमा पछि कानून बमोजिम अधिकार प्राप्त तहवाट उपयुक्त निर्णय गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५९.४

प्रकोप व्यवस्थापन कोषमा रकम ट्रान्सफर सम्बन्धमा ।

निर्णय नं.५९.४

बुटवल उपमहानगरपालिकाको चालु आर्थिक बर्षमा प्रकोप व्यवस्थापन कोषमा विनियोजित रकम कोरोना भाईरसको (Covid-19) को रोकथाम एवं नियन्त्रणका लागि व्यवस्थापनको क्रममा राहत वितरण,क्वारेन्टिन स्थल निर्माण तथा व्यवस्थापन एवं आइसोलेशन स्थल

तयारीको लागि अपुग हुने भएको हुदा कार्यालयको मिति २०७७/०२/१८ को निर्णयानुसार विभिन्न शीर्षकहरुबाट प्रकोप व्यवस्थापन कोषमा रु.१,०६,२५,०००। (एक करोड छ लाख पच्चीस हजार) रकमान्तर भएको हुंदा सोही बमोजिम कार्यान्वयन प्रकिया अगाडि बढाउने र सो बिषय अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ५९.५**

विविध

**प्रस्ताव नं. ५९.५.१**

राहत व्यवस्थापन तथा वितरण नगर समन्वय समितिको बैठकले गरेको निर्णय अनुमोदन सम्बन्धमा।

**निर्णय नं.५९.५.१**

१. बुटवल उप महानगरपालिकाका निम्न वडा कार्यालयहरुबाट राहत बितरणको खर्च बिबरण सहित रकम भुक्तानीका लागि प्राप्त भएको निबेदनहरुका सन्दर्भमा बुटवल उप महानगरपालिकाको राहत बितरण सम्बन्धी कार्यबिधि, २०७६ एवं मिति २०७६/०१/०५ गतेको सर्बदलीय/सर्बपक्षीय बैठकको निर्णयका आधारमा प्रकोप ब्यबस्थापन कोष खाताबाट खर्च हुने गरी राहत व्यवस्थापन तथा वितरण नगर समन्वय समितिको मिति २०७७/०१/२४, २०७७/०२/०६ र २०७७/०२/२० गतेको बैठकबाट देहाय बमोजिम रकम भूक्तानी गर्ने गरी गरिएका निर्णयहरु अनुमोदन गरियो।

| क्र.स | वडा नं. | रकम रु |
|---|---|---|
| १ | २ | रु ९,८०,३०१.०० (नौ लाख असि हजार तिन सय एक रुपैया मात्र) |
| २ | ३ | रु ९१,५२७.४७ (एकानब्बे हजार पांचसय सत्ताईस रुपैया सतचालिस पैसा मात्र) |
| ३ | ३ | रु ९,२७,३१९.०० (नौ लाख सत्ताईस हजार तिन सय उन्नाईस रुपैया मात्र) |
| ४ | ४ | रु २,८८,१०३.७५ (दुई लाख अठासी हजार एक सय तिन रुपैया पचहत्तर पैसा मात्र) |
| ५ | ५ | रु ३,०५,६२४३२ (तिन लाख पांच हजार छ सय चौबिस रुपैया बत्तिस पैसा मात्र) |
| ६ | ६ | रु १०,१६,९२३.५२ (दस लाख सोह् हजार नौ सय तेईस रुपैया बाउन्न पैसा मात्र) |
| ७ | ७ | रु ९,०८,८९०.०० (नौ लाख आठ हजार आठ सय नब्बे रुपैया मात्र) |
| ८ | ८ | रु ३,३९,९२३.०० (तिन लाख नौ हजार तेईस रुपैया मात्र) |
| ९ | ९ | रु ३,९८,००९.०९ ( तिन लाख अन्ठानब्बे हजार नौ रुपैया नौ पैसा मात्र) |
| १० | ११ | रु ५९,५६,५०७.१० (उनान्साठी लाख छपन्न हजार पांच सय सात रुपैया दस पैसा मात्र) |
| ११ | १२ | रु ९,०१,६०९.८८ (नौ लाख एक हजार छ सय नौ रुपैया अठासी पैसा मात्र) |
| १२ | १३ | रु ८,१९,२८२.०० (आठ लाख उन्नाईस हजार दुई सय बयासी रुपैया मात्र) |

| | | |
|---|---|---|
| १३ | १४ | रु ५,३७,९५३.७६ ( पांच लाख सैंतिस हजार नौसय त्रिपन्न रुपैया छ्यहत्तर पैसा मात्र) |
| १४ | १५ | रु २,५५,४२१.७६ ( दुई लाख पचपन्न हजार चारसय एक्काईस रुपैया छ्यहत्तर पैसा मात्र) |
| १५ | १६ | रु ८३,५८९.५० (त्रियासी हजार पांच उनानब्बे रुपैया पचास पैसा मात्र) |
| १६ | १७ | रु ११,०९,०३६.०० (एघार लाख नौ हजार छत्तिस रुपैया मात्र) |
| १७ | १७ | रु २,०१,४२९.००( दुई लाख एक हजार चार सय उनन्तिस रुपैया मात्र) |
| १८ | १८ | रु १,५७,३२५.०० ( एक लाख सन्ताउन्न हजार एक सय पचिस रुपैया मात्र) |
| १९ | १९ | रु २,००,९७९.००( दुई लाख नौ सय उनान्नसी रुपैया मात्र) |

२. बुटवल उपमहानगरपालिका अन्तरगतका वडाहरुमा दैनिक ज्यालादारी गरी जीवन निर्वाह गर्ने गरिब,बिपन्न बर्गहरुलाई राहत बितरण गर्ने सन्दर्भमा मिति २०७७/०१/०५ गतेका दिन बुटवल उपमहानगरपालिकामा बसेको सर्बदलीय/सर्बपक्षीय बैठकद्धारा बितरण गरिने राहत सामाग्रीहरु मध्ये नुन र साबुन साल्ट ट्रेडिङ कर्पोरिसनबाट खरिद गर्ने निर्णय भएकोमा उक्त कर्पोरिसनको कार्यालय भैरहवा रहेको तथा उल्लेखित सामाग्री याहांसम्म ल्याउदा र लोड अनलोड गर्दा बढी खर्च लाग्ने देखि बुटवल स्थित जिँतगढी सप्लायर्सबाट वडाहरुको प्राप्त माग बमोजिम नुन तथा साबुन खरिद गरी वडाहरुमा बितरण गरिएकोले वडाहरुले उक्त सामाग्रीहरु बुझेको भरपाई तथा बिलका आधारमा साबुन प्रति पिस रु १४.७९ का दरले तथा नुन प्रति प्याकेट रु १९.७० का दरले हुने जम्मा रु ३,४६,१०३/५० तिन लाख छ्यालिस हजार एक सय तिन रुपैया पचास पैसा मात्र जितगढी सप्लायर्सलाई भुक्तानी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५९.५.२**

लकडाउन सम्बन्धी सर्वपक्षीय बैठकमा भएको निर्णय अनुमोदन सम्बन्धमा ।

**निर्णय नं.५९.५.२**

लकडाउन सम्बन्धी मिति २०७७/०२/२० मा बसेको सर्वपक्षीय बैठकमा भएको देहाय बमोजिमको निर्णय अनुमोदन गरियो ।

१.नेपाल सरकार तथा प्रदेश सरकारले निर्णय गरी लकडाउन अवधिमा संचालन गर्ने भनी तोकिएका खाद्यान्न, कृषि उपज उत्पादन कार्य, विक्री वितरण, उल्लेखित सामाग्रीहरुको ढुवानी र विकास निर्माणसँग सम्बन्धित देहाय बमोजिमका क्रियाकलापहरु सुरक्षाका सबै मापदण्ड पालना गरी / गराई सामाजिक दुरी कायम गरी/गराई मिति २०७७/०२/२२ गतेदेखि संचालन गर्ने ग़राउने व्यवस्था मिलाउने ।

१. खाद्यान्न, तरकारी तथा फलफुल पसल प्रत्येक दिन, विहान ७ बजे देखि २ बजेसम्म खोल्न सकिनेछ ।

२. विक्रेता र उपभोक्ता बीच प्रत्यक्ष सम्पर्क नहुने खाद्यान्न थोक र अन्य व्यवसायहरु (नेपाल सरकारले खोल्न रोक लगाएको बाहेक) प्रत्येक दिन बिहान १० बजे देखि अपरान्ह ३ बजेसम्म खोल्न सकिनेछ ।

३. कृषि कार्यसँग सम्बन्धित आवश्यक मल,वीउ र औषधी पसल प्रत्येक दिन, विहान ७ बजे देखि २ बजेसम्म खोल्न सकिनेछ ।

४. दुध तथा दुग्धजन्य पदार्थ उत्पादन गर्ने डेरी पसलहरु प्रत्येक दिन विहान ७ बजेदेखि १० बजेसम्म र वेलुकी ५ बजेदेखि ७ बजेसम्म खोल्न सकिने । दुध विक्रेताले उत्पादन, संकलन गरेको स्थान खुलेको सम्बन्धित पालिका वा वडावाट भएको सिफारिस साथमा ल्याउनुपर्नेछ ।

५. सञ्चालन एवं कार्यान्वयन गर्नका लागि स्वीकृति प्राप्त पूर्वाधार विकासका कार्यहरु सुरक्षा र सामाजिक दुरीको सुनिश्चितता कायम गरी कामको प्रकृति हेरी समय मिलाएर सबै दिन गर्ने तर कामदार श्रमिकहरुको परिचय खुलेको अभिलेख सम्बन्धित रोजगारदाताले राखेको हुनुपर्ने ।

६. कृषि कार्यमा प्रयोग हुने औजार, उपकरण सवारी साधन र ढुवानी साधनको मर्मत सम्भारका लागि ५ जनाभन्दा बढी श्रमिक नरहने गरी प्रत्येक दिन विहान ९ बजेदेखि ५ बजेसम्म संचालन गर्न सकिने ।

७. निर्माण सामाग्री ढुवानीका लागि प्रत्येक दिन विहान ९ बजेदेखि वेलुका ६ बजेसम्म संचालन गर्न सकिने ।

८. वैक,वित्तीय संस्था र सहकारी संस्थाहरु प्रत्येक दिन नियमित कार्यालय समयमा खुल्ला गर्न सकिने ।

९. स्थानीय स्तरमा उत्पादन भएको हरियो ताजा तरकारी र फलफुल स्थानीय पालिका मार्फत स्थानीय उत्पादन भनी सिफारिस गरेको र बुटवल उपमहानगरभित्रको भए सम्बन्धित वडाले सिफारिस गरेको आधारमा घरघरमा डुलाई विहान ७ बजेदेखि १० बजेसम्म विक्री वितरण गर्न सकिनेछ ।

उल्लेखित प्रकृतिका पेशा व्यवसायहरु खोली संचालन गर्दा नेपाल सरकारले लागु गरेका सबै Covid-19 सँग सम्बन्धित सुरक्षाका उपायहरु अवलम्वन गर्नुपर्नेछ । सामाजिक दुरी लगायतका सुरक्षा सम्बन्धी मापदण्डहरुको पालना गरेको नपाइएमा त्यस्ता पसलहरु कुनैपनि समयमा वन्द गराउन सकिनेछ ।

२. नेपाल सरकारले वन्द रहने भनी तोकेको देहायका क्रियाकलापहरु संचालन गर्न पाइने छैन ।

(क) विश्वविद्यालय, क्याम्पस, विद्यालयलगायतका सबै प्रकारका शैक्षिक संस्था, तालिम तथा प्रशिक्षण केन्द्रहरु ।

(ख) गैरखाद्य बस्तु विक्री गर्ने व्यवसायिक मल, सिनेमा हल, पार्टी प्यालेस, फनपार्क लगायतका सार्वजनिक स्थलहरु ।

(ग) सार्वजनिक जमघट, धार्मिक स्थलहरु (मन्दिर, गुम्बा, मस्जिद, चर्च,गुरुद्धारा आदि) मा हुने भेला एवं धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरु ।

(घ) रंगशाला, खेलकुद स्थल, फुटसल, शारीरिक सुगठन गर्ने स्थल तथा जिमखाना, फिटनेस सेन्टर, सैलुन, व्युटीपार्लरहरु ।

(ङ) होटल, वार, रेष्टुरेण्टहरु ।

(च) हाटवजार ।

३.नगर भित्र सवारी साधनबाट हुने भिडभाड नियन्त्रण गर्न ५ नं. प्रदेश ट्राफिक प्रहरी कार्यालयले काममा खटिएका सरकारी साधन र खटिएका स्वास्थ्यकर्मीले प्रयोग गर्ने सवारी साधन बाहेक तोकेको स्थानमा आ आफ्नो सवारी साधन पार्किङ्ग गरी नगरमा प्रवेश गर्ने र काम समाप्त भए पछि आफ्नो सवारी साधन लिई जाने व्यवस्था ट्राफिक कार्यालय मार्फत मिलाउने ।

४.बुटवल उपमहानगरपालिका वडा नं. ६ स्थित कृषि उपज थोक बजार केन्द्र स्वदेशी कृषि उत्पादन मात्र बिक्री गर्ने गरी सुरक्षाका सबै मापदण्ड पालना गरी/गराई सामाजिक दुरी कायम गरी/गराई प्रत्येक दिन विहान ५ बजे देखि दिउसो ११ बजेसम्म खोल्न सक्ने ।

**प्रस्ताव नं. ५९.५.३**

नेपाल खानेपानी संस्थानलाई खानेपानी पाईप हस्तान्तरण सम्बन्धमा ।

**निर्णय ५९.५.३**

बुटवल उपमहानगरपालिका वडा नं.७ र ८ को खानेपानी समस्या सामाधान गर्न सो वडाहरुमा रहेको खानेपानी वेलहरु संचालनका लागि नेपाल खानेपानी संस्थान शाखा कार्यालय,बुटवलले मिति २०७७/०२/२२ च.नं.५९५ को पत्रबाट खानेपानी पाईपहरु अनुदान सहयोगमा उपलब्ध गराई दिन अनुरोध गरेकोमा पछि सोधभर्ना हुनेगरी लागत मुल्य खुलाई हाल वडा नं.७ र ८ को खानेपानी व्यवस्थाका लागि माग बमोजिमको खानेपानी पाईप खानेपानी सस्थान, शाखा कार्यालय बुटवललाई उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५९.५.४**

कोभिड १९ पालिका /सामुदायिक क्वारेन्टाइन स्थापना गर्ने स्थल सम्बन्धमा ।

**निर्णय नं.५९.५.४**

कोरोना भाइरस (COVID-19) संक्रमण फैलिनबाट रोक्न वडा स्तरमा देहाय बमोजिमको स्थानमा पालिका/सामुदायिक स्तरको क्वारेन्टाइन स्थापना गर्ने निर्णय गरियो ।

१. वडा नं.१-६ का वासिन्दाको लागि कान्ति मा.वि.

२. वडा नं.७-१० वासिन्दाको लागि कालिका मा.वि.

३. वडा नं.११ वासिन्दाको लागि नहरपुर मा.वि.

४. वडा नं.१२-१३ वासिन्दाको लागि नयांगाउ मा.वि.

५. वडा नं.१४-१६ वासिन्दाको लागि नवरत्न मा.वि.

६. वडा नं.१७–१९ वासिन्दाको लागि मोतीपुर मा.वि.

**प्रस्ताव नं. ५९.५.५**

खेलकुद पूर्वाधार निर्माण सम्बन्धमा ।

**निर्णय नं.५९.५.५**

नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, खेलकुद प्रवर्द्धन शाखाको प.सं.०७६/०७७ च.नं.८२४ मिति २०७६/१२/१४ को प्राप्त पत्रानुसार स्थानीय तहमा दीर्घकालिन महत्वका एक/एकवटा खेलकुद पूर्वाधार (खेलग्राम) निर्माणका लागि यस बुटवल उपमहानगरपालिका लाई रु.४० लाख अख्तियारी प्राप्त भएको हुँदा उक्त अख्तियारी बमोजिमको रकमबाट वडा नं.७ स्थित सिद्धेश्वर लालकुमारी मा.वि.परिसरमा खेलकुद पूर्वाधार कार्य प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५९.५.६**

कोभिड १९ क्वारेन्टाइन/आइसोलेसन व्यवस्थापन तथा सञ्चालन सम्बन्धी मापदण्ड सम्बन्धमा ।

**निर्णय नं.५९.५.६**

कोरोना भाइरस (COVID-19) संक्रमण फैलिनवाट रोक्न स्थानीय तहमा पालिका/समुदाय स्तरीय र घर स्तरमा स्थापना गरिने होम क्वारेन्टाइन तथा होम आइसोलेशन र आइसोलेशन सेन्टर सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा यस अधि मिति २०७६/०२/०२ को निर्णय परिमार्जन गरी नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७७/०२/२० को मापदण्डलाई समेत आधार मानी निम्नानुसारको मापदण्ड बनाई सञ्चालन व्यवस्थापन गर्ने निर्णय गरियो ।

## पालिका वा सामुदायिक र होम क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन र होम आइसोलेशन एवं आइसोलेशन सेन्टर सञ्चालन सम्बन्धी मापदण्ड, २०७७

### खण्ड १

### क्वारेन्टाइन सञ्चालन सम्बन्धी

कोरोना भाइरस (Covid 19) संक्रमण फैलिनबाट रोक्न पालिका/समुदाय तहमा स्थापना गरिने र घरमा रहने क्वारेन्टाइन संचालन तथा व्यवस्थापन निम्नानुसार हुने ।

**घरमा क्वारेन्टाइन बस्ने सम्बन्धी व्यवस्था :**

क) घरमै क्वारेन्टाइन वस्न संभव भए नभएको एकिन गरी सम्बन्धित टोल विकास संस्थाको अध्यक्षले घरमै वस्न सकिने देखिएमा घरमै वस्ने गरी सिफारिस गर्ने । त्यस्तो सिफारिसको आधारमा वडा अध्यक्षले स्वास्थ्य संयोजकसंग समन्वय गरी घरमै क्वारेन्टाइन वस्न लगाउने ।

ख) घरमै क्वारेन्टाइन बस्दा पालना गर्नुपर्ने आचारसंहिता :

१. बस्ने छुट्टै कोठा भएको ।

२. घरमा आएको २१ दिनसम्म बाहिर ननिस्कने प्रतिबद्धता गरेको ।

३. परिवारका सदस्यसँग घुलमिल नभई अलग्गै बस्ने प्रतिवद्धता गरेको ।

४. निजको हेरचाह गर्ने व्यक्तिले मेडिकल मास्क तथा पञ्जा अनिवार्य रुपमा लगाउनु पर्ने ।

५. दिनमा कम्तीमा १ पटक ज्वरो नापेर नगरपालिकाले तोकिएको स्वास्थ्य कर्मिलाई फोनमै टिपाउनु पर्ने ।

६. स्नानघर/शौचालयको छुट्टै व्यवस्था मिलाउने र सामुहिक रुपमा प्रयोग गर्नुपर्ने अवस्था भएमा प्रत्येकले प्रयोग गरेपछि सरसफाईमा प्रयोग गर्नेले disinfectant राम्रोसँग सफा गरे पश्चात मात्रै अन्य सदस्यले प्रयोग गर्ने,

७. हात धुने बेसिनहरु संक्रमणको श्रोत हुन सक्ने प्रयाप्त जानकारी गराई दाँत माझ्ने ब्रस लगायतका सामानहरु राख्न छुट्टै बेसिनको प्रयोग गर्ने,

८. धेरै प्रयोग हुने चीजहरु जस्तै ढोका, मेसिनका ह्याण्डल, टेबल तथा अन्य सामग्रीहरु जुन धेरै व्यक्तिहरुले चलाउने वा छुने सम्भावना रहन्छ ती सामानहरुको डिसइन्फेक्टेन्ट प्रयोग गरी नियमित सफा गर्ने,

९. भाँडाकुँडा, कपडा धुनका लागि पञ्जा लगाएर धुने वा मेसिनमा छुट्टै धुने र राम्रोसँग घाममा सुकाउने,

१०. बढीं जोखिममा रहने समूहहरु जस्तैः दीर्घरोगीहरु, ६० बर्ष माथिका जेष्ठ नागरिकहरु, गर्भवती तथा सुत्केरी महिलाहरुलाई निजको सम्पर्कबाट टाढा राख्नुपर्नेछ ।

११. देहायको अवस्था आएमा तुरुन्तै सम्बन्धित व्यक्ति वा परिवारको सदस्यले स्वास्थ्य कर्मीलाई जानकारी दिनुपर्ने ।

स्वास प्रश्वासमा कठिनाई भएमा,

छाति दुखे वा भारी महसुस भएमा,

ओठ तथा अनुहार निलो देखिएमा,

होस हराएमा,

अन्य कुनै जटिल अवस्था देखिएमा ।

ग) घरमै क्वारेन्टाइन वसेको व्यक्तिले आचारसंहिता पालना गरे नगरेको अनुगमन टोल विकास संस्थाले गर्ने ।

घ) घरमै क्वारेन्टाइन वसेको २१ दिनपछि सुरक्षा सावधानी सहित सामान्य जीवनमा आउन सकिने ।

**पालिकास्तर वा सामुदायिक क्वारेन्टाइन**

क) घरमै क्वारेन्टाइन वस्न संभव नहुने व्यक्तिहरुलाई सामुदायिक स्तरको क्वारेन्टाइनमा राखिनेछ ।

१. समुदायका व्यक्तिलाई पायक पर्ने गरी विद्यालय भवन वा सामुदायिक भवन वा अन्य कुनै खाली भवनलाई समेत सामुदायिक क्वारेन्टाइन बनाउन सकिनेछ ।

२. क्वारेन्टाइन स्थलमा न्यूनतम आधारभूत सुविधाको व्यवस्था नगरपालिकाबाट गरिनेछ ।

३. सामुदायिक क्वारेन्टाइनमा वस्ने व्यक्तिको लागि आवश्यक खाने व्यवस्था सम्बन्धित व्यक्तिको परिवारले नै गर्नुपर्नेछ । तर कुनै व्यक्तिको परिवारले त्यस्तो व्यवस्था गर्न सक्ने अवस्था नभएको भनि वडा कार्यालयमा निवेदन दिएको र वडा समितिले बुझ्दा व्यहोरा मनासिव लागेमा वडा अध्यक्षले खानाको व्यवस्था गर्न सिफारिस गर्न सक्नेछन् । यसरी खानाको व्यवस्था गर्नुपर्ने अवस्थामा कुनै ईच्छुक संघ संस्थालाई समन्वय गरी व्यवस्था गर्न वा न.पा.बाट व्यवस्था मिलाउन आवश्यक प्रवन्ध गरिनेछ । बस्नको लागि आवश्यक न्यूनतम सुविधा नगरपालिकाबाटै व्यवस्था गरिनेछ ।

**ख) सामुदायिक क्वारेन्टाइनमा बस्ने व्यक्तिले पालना गर्नुपर्ने आचार संहिता देहाय बमोजिम हुनेछः**

क) सबैले सम्मानजनक र नम्र व्यवहार गर्ने, सहयोगी बन्ने,

ख) जाती, धर्म, वर्ण, लिङ्ग, भाषा-भेषभुसा, भेग वा अन्य कुनैपनि आधारमा भेदभाव नगर्ने,

ग) सुर्तिजन्य, नशालु तथा मादक पदार्थ सेवन नगर्ने,

घ) रिसाउने, झैझगडा गर्ने र घाउचोट पुऱ्याउने कार्य नगर्ने,

ङ) सभ्य र शोभनीय पोशाक मात्र लगाउने,

च) कुनै पनि नकारात्मक गतिविधि, लोभलालच, होहल्ला, अत्याउने कार्य, अनावश्यक टिकाटिप्पणी नगर्ने,

छ) तोकिएको स्थानमा मात्र रहने,

ज) अरूलाई बाधा हुने वा हिनताबोध गराउने कार्य नगर्ने, नगराउने,

झ) आत्मियताको विकास गर्दै शान्त र सौहार्दपूर्ण वातावरण सिर्जना गर्न सहयोग गर्ने,

ञ) कुनै पनि वाह्य व्यक्ति क्वारेन्टाइन क्षेत्रभित्र वा नजिक देखिएमा जानकारी गराउने तथा कुनै किसिमको पशुपंछी नजिक देखिएमा सो को जानकारी गराउने,

ट) क्वारेन्टाइनमा रहेका व्यक्तिहरू भाग्ने वा भाग्न कोशिस गरेको देखेमा वा शंका लागेमा तुरून्त खवर गर्ने,

ठ) प्राप्त सुविधाहरू आपसी समझदारीका आधारमा उपभोग गर्ने र

ड) उपलब्ध सरसामानहरूको हिफाजत र समुचित प्रयोग गर्ने ।

**ग) सामुदायिक क्वारेन्टाइनमा बस्ने व्यक्तिले गर्न हुने/नहुने कार्यहरु**

क) खोक्दा, हाछ्यु गर्दा नाक र मुख अनिवार्य रूपमा छोप्ने र छोप्न लगाउने ,

ख) Flu-Like symptoms रूघा खोकीको लक्षण देखिएमा चिकित्सकको परामर्श लिई हाल्ने,

ग) रूघाखोकी लागेका व्यक्तिहरूबाट टाढा बस्ने र उनीहरूलाई सकेसम्म छुट्टै बासस्थानको समेत व्यवस्था मिलाउने,

घ) क्वारेन्टाइनबाट घर फर्केपछि व्यक्तिहरूलाई जंगली वा घरपालुवा पशुपंछीबाट टाढा राख्ने/बस्न लगाउने,

ङ) राम्रोसँग पाकेको एकिन गरी मात्र खाने, खुवाउने व्यवस्था मिलाउने,

च) कुनैपनि किसिमको पंछीहरूलाई नजिक सम्पर्कमा आउन नदिने,

छ) उपलब्ध गराएको खानेकुरा मात्र खाने ।

क्वारेन्टाइन व्यवस्थित रुपले सञ्चालन गर्न देहाय बमोजिम व्यवस्थापन समिति रहनेछ ।

**सामुदायिक क्वारेन्टाइन व्यवस्थापन समिति :-**

| | |
|---|---|
| केन्द्र रहेको वडाको वडा अध्यक्ष | संयोजक, |
| क्वारेन्टाइन रहेको सस्थाको व्यवस्थापन समितिको अध्यक्ष | सदस्य |
| विद्यालयमा रहेको भए सो विद्यालयका प्रधानाध्यापक | सदस्य |
| सम्बन्धित टोल विकास सस्थाको अध्यक्ष | सदस्य |
| क्वारेन्टाइनमा खटिएको स्वास्थ्यकर्मि मध्ये संयोजन गर्ने स्वास्थ्यकर्मि | सदस्य |
| बुटवल उपमहानगरपालिकाले खटाएको अधिकृत | सदस्य सचिव |

उक्त स्थलको सुरक्षाका लागि खटिएको सुरक्षाकर्मिलाई समितिको बैठकमा आमन्त्रित गर्नुपर्नेछ ।

**होटललाई क्वारेन्टाइनको रुपमा प्रयोग गर्ने सम्वन्धी व्यवस्था :**

१. क्वारेन्टाइनमा बस्नुपर्ने कुनै व्यक्तिले होटलमा नै वस्न चाहेमा सम्पूर्ण खर्च क्वारेन्टाइनमा वस्ने व्यक्तिले नै व्यहोर्ने गरी अनिवार्य पालना गर्नु पर्ने आचारसंहिता सहित स्वास्थ्य संयोजकले अनुमति दिन सक्नेछ । यसरी होटलमा वस्ने व्यक्ति कम्तीमा २१ दिनसम्म होटलमा वस्नुपर्नेछ ।

२. होटलमा क्वारेन्टाइन सञ्चालन गर्न होटल छनौट लगायत आवश्यक मापदण्ड निर्धारण नेपाल सरकार तथा प्रदेश सरकारले तोकेको मापदण्डसंग नवाझ्ने गरी होटल व्यवसायी संघ र नगरपालिकाले आपसी छलफल गरी तय गर्नेछन् ।

## खण्ड २

## आइसोलेसन सञ्चालन सम्बन्धी व्यवस्था

१. कोरोना पोजेटिभ भएको तर कुनै लक्षण नदेखिएको व्यक्तिहरु देहाय बमोजिम आइसोलेशनमा बस्नुपर्नेछ :

**होम आइसोलेशन :**

(क) घरमा देहाय बमोजिम सुविधा भएको व्यक्ति घरमै आइसोलेशन बस्नुपर्नेछ :

-हावा खेल्ने र प्रकाश छिर्ने छुट्टै कोठा भएको,

-घरमा परिवारका सदस्य कोही पनि दीर्घ रोगी नभएको,

-सकभर शौचालय अलग्गै रहेको,

यदि सामुदायिक रुपमा प्रयोग गर्ने भए Disinfectant ले राम्रोसँग सफा गरेपछि मात्र अरुले प्रयोग गर्ने व्यवस्था मिलाएको ।

उल्लेखित आधारभुत सुविधा भएको व्यहोरा खुलाई सम्बन्धित टोल विकास संस्थाको सिफारिस सहित वडाअध्यक्ष समक्ष सम्बन्धित व्यक्ति वा एका घरपरिवारको सदस्यले निवेदन दिन सक्नेछन् । होम आइसोलेशन वस्न उपपुक्त देखिए वडाअध्यक्षले नगरको स्वास्थ्य संयोजकसंग समन्वय गरी स्वास्थ्य संयोजकको अनुमतिमा तोकिएका आचारसंहिता पालना गर्ने गरी होम आइसोलेशनमा बस्न सकिनेछ ।

**(ख) घरमा आइसोलेसन बस्ने व्यक्तिले पालना गर्नुपर्ने आचारसंहिता**

१. बस्ने छुट्टै कोठा भएको,

२. घरमा आएको २१ दिनसम्म बाहिर ननिस्कने प्रतिबद्धता गरेको,

३. परिवारका सदस्यसँग घुलमिल नभई अलग्गै बस्ने प्रतिवद्धता गरेको,

४. निजको हेरचाह गर्ने व्यक्तिले मेडिकल मास्क तथा पञ्जा अनिवार्य रुपमा लगाउनु पर्ने,

५. दिनमा कम्तीमा १ पटक ज्वरो नापेर नगरपालिकाले तोकिएको स्वास्थ्यकर्मीलाई फोनमै टिपाउनु पर्ने,

६. स्नानघर/शौचालयको छुट्टै व्यवस्था मिलाउने र सामुहिक रुपमा प्रयोग गर्नुपर्ने अवस्था भएमा प्रत्येकले प्रयोग गरेपछि सरसफाईमा प्रयोग हुने disinfectant ले राम्रोसँग सफा गरे पश्चात मात्रै अन्य सदस्यले प्रयोग गर्ने,
७. हात धुने बेसिनहरु संक्रमणको श्रोत हुन सक्ने भएकाले दाँत माझ्ने ब्रस लगायतका सामानहरु राख्न छुट्टै बेसिनको प्रयोग गर्ने,
८. धेरै प्रयोग हुने चीजहरु जस्तै ढोका, ह्याण्डल, टेबल तथा अन्य सामग्रीहरु डिसइन्फेक्टेन्ट प्रयोग गरी नियमित सफा गर्ने,
९. भाँडाकुँडा, कपडा धुनका लागि पन्जा लगाएर धुने वा मेसिनमा छुट्टै धुने र राम्रोसँग घाममा सुकाउने,
१०. बढी जोखिममा रहने समूहरु जस्तैः जेष्ठ नागरिकहरु, गर्भवती तथा सुत्केरी महिलाहरुलाई निजको सम्पर्कबाट टाढा राख्नुपर्नेछ ।
११. देहायको अवस्था आएमा तुरुन्तै सम्बन्धित व्यक्ति वा परिवारको सदस्यले स्वास्थ्य कर्मीलाई जानकारी दिनुपर्ने ।
स्वास प्रश्वासमा कठिनाई भएमा,
छाति दुखे वा भारी महसुस भएमा,
ओठ तथा अनुहार निलो देखिएमा,
होस हराएमा,
अन्य कुनै जटिल अवस्था देखिएमा ।

(ग) अनुशासित भै बसे नवसेको वारेमा टोल विकास संस्थाले र सम्वन्धित वडा सदस्यले अनुगमन गर्नुपर्नेछ ।

(घ) घरमै आइसोलेशन बस्ने व्यक्तिलाई एक थान थर्मोमिटर र अत्यावश्यक औषधी तथा नियमित स्वास्थ्य रिपोर्ट लेख्ने फाराम आइसोलेशन बस्ने बेलामै नगरपालिकाबाट उपलब्ध गराइनेछ ।

(ङ) होम आइसोलेशनमा रहेका व्यक्तिको नियमित स्वास्थ्य विवरण बुझ्ने, अभिलेख राख्ने, स्वास्थ्यमा गम्भीर कठिनाई आएमा तुरुन्तै एम्वुलेन्स पठाई कोरोना विशेष अस्पतालमा पुऱ्याउने व्यवस्था नगरको स्वास्थ्य शाखाबाट मिलाउनुपर्नेछ ।

**आइसोलेशन सेन्टर संचालनः**

बुटवल उपमहानगरपालिका क्षेत्रमा आवश्यकतानुसार नगरबाट आइसोलेशन सेन्टरहरु निर्माण गरिनेछ । उक्त सेन्टरमा आवश्यक आधारभुत भौतिक सुविधा नगरवाट तयार गरिनेछ । सञ्चालन एवं व्यवस्थापनका अन्य व्यवस्था प्रदेश CCMC को निर्णयानुसार प्रदेश सामाजिक विकास मन्त्रालयले मिलाउनेछ ।

स्वास्थ्य जाँच तथा डिस्चार्ज लगायतका प्राविधिक कुराहरु संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र प्रदेश सामाजिक विकास मन्त्रालयले दिएको निर्देशन अनुसार हुनेछ ।

आइसोलेशन सेन्टर व्यवस्थित रुपले सञ्चालन गर्न देहाय बमोजिम व्यवस्थापन समिति रहनेछ ।

**आइसोलेशन केन्द्र व्यवस्थापन समिति :-**

| | |
|---|---|
| केन्द्र रहेको वडाको वडा अध्यक्ष | संयोजक, |
| आइसोलेशन रहेको सस्थाको व्यवस्थापन समितिको अध्यक्ष | सदस्य |
| विद्यालयमा रहेको भए सो विद्यालयका प्रधानाध्यापक | सदस्य |
| सम्बन्धित टोल विकास सस्थाको अध्यक्ष | सदस्य |
| आइसोलेशनमा खटिएको स्वास्थ्यकर्मि मध्य संयोजन गर्ने स्वास्थ्यकर्मि | सदस्य |
| बुटवल उपमहानगरपालिकाले खटाएको अधिकृत | सदस्य सचिव |

उक्त स्थलको सुरक्षाका लागि खटिएको सुरक्षार्मिलाई समितिको बैठकमा आमन्त्रित गर्नुपर्नेछ ।

**क्वारेन्टाइन तथा आइसोलेशनमा खानाको दर र समयतालिका**

संघीय सरकारले मापदण्ड बनाई निर्धारण गरे अनुसार पालिका/सामुदायिकस्तरको क्वारेन्टाइन तथा आइसोलेशन सेन्टरमा खाना तथा खाजा उपलब्ध गराउने वा उपलब्ध गराउन आवश्यक व्यवस्थापन मिलाइनेछ । क्वारेन्टाइनमा निजी क्षेत्रवाट खाना उपलब्ध गराउनु पर्दा अधिकतम प्रतिव्यक्ति प्रतिदिन अधिकतम रु. ३००। सम्म तथा आइसोलेशनमा अधिकतम प्रतिव्यक्ति प्रतिदिन अधिकतम रु. ३३०। का दरले भुक्तानी गरिनेछ ।

खानाको समय तालिका देहाय बमोजिम हुँनेछ ।

| क्र.सं. | समय | खाना |
|---|---|---|
| १ | ०७:३०-८:०० | चिया खाजा |
| २ | ११:३०-१२:०० | दिवा खाना |
| ३ | १४:३०-१५:०० | खाजा |
| ४ | १९:३०-२०:०० | रात्री खाना |

क्वारेन्टाइन तथा आइसोलेशन सेन्टर निर्माण संचालन तथा व्यवस्थापनमा भएको खर्च संघीय तथा प्रदेश सरकारको निर्देशन बमोजिम निरन्तर शोधभर्ना माग गरिनेछ ।

नगरपालिकावाट आइसोलेशन सेन्टरमा ४ जना तथा क्वारेन्टाइनमा ३ जनासम्म स्वास्थ्यकर्मी खटाइनेछ ।

**आइसोलेशन केन्द्र व्यवस्थापन समिति :-**

| | |
|---|---|
| केन्द्र रहेको वडाको वडा अध्यक्ष | संयोजक, |
| आइसोलेशन रहेको सस्थाको व्यवस्थापन समितिको अध्यक्ष | सदस्य |
| विद्यालयमा रहेको भए सो विद्यालयका प्रधानाध्यापक | सदस्य |
| सम्बन्धित टोल विकास सस्थाको अध्यक्ष | सदस्य |
| आइसोलेशनमा खटिएको स्वास्थ्यकर्मि मध्ये संयोजन गर्ने स्वास्थ्यकर्मि | सदस्य |
| बुटवल उपमहानगरपालिकाले खटाएको अधिकृत | सदस्य सचिव |

उक्त स्थलको सुरक्षाका लागि खटिएको सुरक्षार्मिलाई समितिको बैठकमा आमन्त्रित गर्नुपर्नेछ ।

अन्य व्यवस्था संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सामाजिक विकास मन्त्रालय, कोभिड १९ CCMC वा CMC ले निर्धारण गरे बमोजिम हुनेछ ।

अन्त्यमा उपस्थित सवैलाई धन्यवाद दिदै प्रमुखज्युबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।

अनुसूची

## भारत वा तेस्रो देशबाट आएका नागरिकहरुले Home – Quarentine मा बस्दा पालना गर्नुपर्ने नियमहरु :

१. म पर्याप्त भेन्टिलेसन भएको कोठामा एक्लै बस्नेछु र यो सम्भव नभएमा छुटै ओछयानमा सुतिरहेको अर्को व्यक्ति संग कम्तीमा एक मिटर दुरी राख्ने छु।

२. म छुटै बाथरुम र शौचालयको प्रयोग गर्नेछु र यदि यो सम्भव नभएमा प्रयोग गरेपछि बाथरुम र शौचालय आफै सफा गर्ने छु तथा म आफु बस्ने कोठा आफै सफा गर्ने छु।

३. म घरभित्र साझा रुपमा प्रयोग हुने ठाँउहरु जस्तै भान्सा, कौशी, घरको कम्पाउण्ड आदिमा आवत जावत गर्ने छैन ।

४. म स्वास्थ्य संस्था जान बाहेक अन्य कामको लागि घर वाहिर जाँदिन।

५. म नियमित रुपमा आफ्नो हात साबुन र पानीले पटक पटक मिची मिची २० सेकेन्ड सम्म धुनेछु वा हात सफा राख्न सेनिटाईजर प्रयोग गर्छु।

६. मैले प्रयोग गर्ने गिलास, कप, खाना खान प्रयोग हुने भाँडा, तौलिया र रुमाल, ओछयान वा अन्य सामानहरु, घरका अन्य व्यक्तिहरुसंग साझा प्रयोग गर्दिन र प्रयोग गरेपछि यी सामानहरु मैले नै सफा गर्नेछु ।

७. म अन्य व्यक्तिहरु संग प्रत्यक्ष सम्पर्क गर्ने छैन ।

८. मलाई अन्य व्यक्तिहरुसंग को सम्पर्कमा नआई नहुने भए कम्तीमा ४ फिट को दुरी राख्ने छु र म अर्को व्यक्ति संग एउटै कोठामा हुँदा र स्वास्थ्य संस्था जाँदा स्तरीय मास्क लगाउने छु।

९. खोक्दा वा हाच्छिउ गर्दा म मेरो मुख र नाकलाई टिस्यु, रुमाल वा कुहिनाले छोप्ने छु।

१०. म सेल्फ होम क्वारेन्टाइनमा रहदा आफ्नो शरीरको तापक्रम दैनिक दुई पटक (बिहान र सांझ) जाँच्ने छु र रेकर्ड राख्ने छु । मलाइ दिईएको निर्देशन अनुसार १४ दिनसम्म मेरो दैनिक स्वास्थ्य स्थिति बारे बुटवल उपमहानगरपालिकाको जनस्वास्थ्य शाखालाई र शहरी स्वास्थ्य केन्द्रलाई जानकारी गराउने छु ।

११. कुनै पनि स्वास्थ्य समस्या देखिएको खण्डमा वा होम क्वारेन्टाइनमा बस्दा अन्य केही समस्याहरु भएमा बुटवल उपमहानगरपालिकाको जनस्वास्थ्य शाखामा श्री कुन्दनकुमार सिंह मोबाइल नं. ९८४७५३५७३८ लाई सम्पर्क गर्नेछु।

१२. म आफ्नो पालिकाको स्वास्थ्य निकायसंगको पुर्व अनुमति बिना होम क्वारेन्टाइन स्थानभन्दा बाहिर यात्रा गर्ने छैन ।

मैले दिएका माथिका उल्लेखित विवरणहरु पूर्ण रुपमा सहि छन् उल्लेखित नियमहरु पालना नगर्दा उत्पन्न हुने समस्याहरुको लागि म स्वयं जिम्मेवार हुनेछु भन्ने कुरा घोषणा गर्दछु।

घोषणा गर्नेको हस्ताक्षर (विदेशबाट आउने)

हस्ताक्षर :

नामथर :

स्थायी ठेगाना :

मिति :

मोबाइल नं. :

होम क्वारेन्टाइनमा बस्न अनुमति दिनेको

हस्ताक्षर :

नामथर : कुन्दनकुमार सिंह

पद : जनस्वास्थ्य अधिकृत

कार्यालय : बुटवल उपमहानगरपालिका

मिति :